थाक्रे गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

महादेववेसी, धादिङ
बागमती प्रदेश, नेपाल

## बिषय : आ.व. २०७९/०८० को लागि आन्तरिक आय (कच्चि सडक मर्मत सेवा शूल्क) को ठेक्का वन्दोवस्त गर्ने सम्बन्धी विद्युतिय वोलपत्र (E-Bid) आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०३/२०**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ घ (६) तथा थाक्रे गाउँपालिकाको आर्थिक ऐन, २०७७ को दफा १३ को अनुसुची १२ मा भएको व्यवस्था अनुसार थाक्रे गाउँ कार्यपालिकाको आन्तरीक आय संकलनको लागि राजस्व परामर्श समितिको मिति २०७९/०३/१९ गतेको सिफारिस अनुसार आ.व. २०७९/०८० को लागि देहाय वमोजिमका कच्चि सडकहरुमा आन्तरिक आय सम्वन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले गाँउपालिकावाट तोकिएको दररेटमा ठेक्का वन्दोवस्त गर्न **कच्चि सडक मर्मत सेवा शुल्क** संकलनको ठेक्का लिन ईच्छुक (मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७९/०८० सम्मको फर्म नवीकरण, आ.व. २०७७/०७८ को आयकर चुक्ता प्रमाण पत्र भएका) फर्म वा कम्पनीवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र बोलपत्र खरिद गरी पेश गर्न ३० दिने सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । बोलपत्र सम्बन्धी अन्य विवरण गाँउ कार्यपालिको को web site : www.thakremun.gov.np वा वोलपत्र फाराममा खुलाइएको व्यहोरा सूचित गरिन्छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. २०७९/०८० का लागि कायम वार्षिक न्यूनतम अंक (मु.अ. कर बाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | राजस्व २/२०७९/०८० | **महादेववेशी भोलुङगेपुल भुमेस्थान सडक** | **सडक मर्मत शुल्क**<br>**६ पाङग्रे** १५०।<br>**४ पाङग्रे** १००। | १,१७,१७,७१७-<br>(एक करोड सत्र लाख सत्र हजार सात सय सत्र रुपैया मात्र) | ३०००।- | कवोल अंकको ५ प्रतिशत |
| २ | राजस्व ३/२०७९/०८० | **तसर्पु आग्राखोला ग्रामीण सडक** | **सडक मर्मत शुल्क**<br>**६ पाङग्रे** १५०।<br>**४ पाङग्रे** १००। | १,११,११,१११।-<br>(एक करोड एघार लाख एघार हजार एक सय एघार रुपैया मात्र) | ३०००।- | कवोल अंकको ५ प्रतिशत |

**बैंकको नाम :** प्रभु वैंक महादेववेशी शाखा, धादिङ

**बैंक खाता नं. :** ०५१०१०१११८९०००४१ (धरौटीको लागि)

**सूचना प्रकाशन भएको मिति :** २०७९ असार २० गते

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :** २०७९ श्रावण १८ गते दिनको १२:०० बजे सम्म

**बोलपत्र खोलिने मिति र समय :** २०७९ श्रावण १८ गते दिनको २:०० बजे

शर्तहरु :

१. बोलपत्र फारमसाथ धरौटी वापत कवोल अंकको पाँच प्रतिशतले हुने जमानत वापतको रकम यस कार्यालयको प्रभु बैंक, महादेववेशी शाखामा रहेको धरौटी खाता नं. ०५१०१०१११८९०००४१ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्टबैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ ।

२. ठेक्का अबधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु बोलकवोल कर्ता स्वंयले व्यहोर्नु पर्नेछ ।

३. बोलपत्र स्वीकृत गर्ने आसयको सूचना प्राप्त गरी निर्धारित समयमा कार्यालयमा सम्झौता गरी सक्नु पर्नेछ । तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ ।

४. बोलपत्र स्वीकृत रकम बमोजिमको प्रथम किस्ता ३० प्रतिशत रकम बुझाई सम्झौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि वार्षिक कवोल अंकको ७० प्रतिशत बराबर रकमको २०८० असार मसान्तसम्म मान्य अवधि भएको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ ।

५. ठेक्काको बाँकी दुई किस्ता रकम क्रमशः दोस्रो किस्ता मंसिर मसान्त, तेश्रो किस्ता चैत्र मसान्त भित्र बुझाइसक्नु पर्नेछ ।

६. ठेकेदारले उठाउने कर यस कार्यालयद्वारा तोकेको संकलन केन्द्रमानै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाईने छैन ।

७. बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।

९. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

१०. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन वा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हुनेछ ।

११. कुनै कारण तोकिएको समयमा ठेक्का बन्दोबस्त हुन नसकी समय अवधि फरक परेमा ठेक्का बन्दोबस्त भएको मिति लाई सुरु मिति मानि बाँकी अवधिको लागि ठेक्का रकममा समायोजन गरिनेछ ।

१२. यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

१३. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१४. विषेश अवस्थामा सूचनामा उल्लेखित शर्त समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१५. सूचना सम्बन्धी विस्तृत विवरण यस कार्यालय तथा कार्यालयको वेवसाईड www.thakremun.gov.np मा समेत हेर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत